## आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १७ मार्च २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले अहिले नयाँ दिल्लीमा रायसीना डायलग 2025 को 10औ संस्करणको उद्घाटन गर्नुहुनेछ।

२. मुख्यमन्त्री ममता बेनर्जीले प्रख्यात शिक्षाविद् तथा साहित्यिक सिद्धान्तकार प्रोफेसर गायत्री चक्रवर्ती स्पिवाकलाई होलबर्ग पुरस्कार प्राप्त गरेकोमा बधाई दिनुभएको छ

३. हिल तराई डुवर्स प्लान्टेसन वर्कर्स युनियनको एक टोलीले आज आठ बुँदे मागलाई लिएर आइटिए र डिटिए-सचिवलाई भेटघाट गरेको छ।

४. गोर्खा सेनामा घट्दो संख्यालाई लिएर गोर्खा भूतपूर्व सैनिक कल्याण सङ्गठनले चिन्ता प्रकट गरेको छ

५. स्क्रब टाइफस, लेप्टोस्पायरोसिसजस्ता रोगको प्रभावकारी उपचारका लागि राज्य सरकारले विशेष कदम चालेको छ।

**रायसीना डायलग**

प्रधानमन्त्री नरेन्द्र मोदीले अहिले नयाँ दिल्लीमा रायसीना डायलग 2025 को 10औ संस्करणको उद्घाटन गर्नुहुनेछ। न्यूजील्याण्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सनले उद्घाटन सत्रमा मुख्य अतिथिको रूपमा सम्बोधित गर्नुहुनेछ। तीन दिवसीय रायसीना डायलग कार्यक्रम 19 मार्च सम्म चल्नेछ। यस वर्ष कार्यक्रमको विषय कालचक्र - मनुष्य, शान्ति र पृथ्वी रहेको छ।

****** ० ******

**न्यूजीलैंड प्रधानमंत्री - दौरा**

भारत र न्युजिल्यान्डबीच रक्षा, शिक्षा, खेलकुद, बागवानी र वन विज्ञानका क्षेत्रमा पाँच वटा समझौता पत्रमा हस्ताक्षर भएको छ । दुई देशले एक अधिकृत आर्थिक पारस्परिक मान्यता सम्झौताको पनि आदानप्रदान गरे। प्रधानमन्त्री नरेन्द्र मोदी र न्युजिल्यान्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सनबीच भेटवार्ता पछी यी समझौता पत्रमा हस्ताक्षर भएको हो । भेटवार्तामा भारत–न्युजिल्यान्ड द्विपक्षीय सम्बन्धका विविध पक्षबारे छलफल भएको थियो ।

****** ० ******

**मुख्यमंत्री**

पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बेनर्जीले प्रख्यात शिक्षाविद् तथा साहित्यिक सिद्धान्तकार प्रोफेसर गायत्री चक्रवर्ती स्पिभाकलाई होलबर्ग पुरस्कार प्राप्त गरेकोमा बधाई दिनुभएको छ भने उहाँले यो पुरस्कार पाउँदा सिंगो राज्य गौरवान्वित भएको बताउनु भयो।
एक सोसियल मिडिया पोस्ट गर्दै मुख्यमन्त्री बनर्जीले भन्नुभयो, 'म हाम्रा प्राध्यापक गायत्री चक्रवर्ती स्पिभाकलाई अर्को एक उच्च अन्तर्राष्ट्रिय सम्मान प्राप्त गरेकोमा बधाई दिन चाहन्छु। मानविकी र सामाजिक विज्ञानको क्षेत्रमा सर्वोच्च सम्मान मानिएको नर्वेको प्रतिष्ठित होलबर्ग पुरस्कारका लागि उनी यस वर्ष छनोट भएका हुन् । यो उपलब्धिसँगै उनले हामी सबैलाई गौरवान्वित तुल्याएका छन् ।

****** ० ******

**जे बी तामाङ**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका ट्रेड युनियन हिल तराई डुवर्स प्लान्टेसन वर्कर्स युनियनको केन्द्रिय समितिका अध्यक्ष जे बी तामाङको नेतृत्वमा एक टोलीले आज आठ बुँदे मागलाई लिएर आइटिए र डिटिए-सचिवलाई भेटघाट गरेको छ। भेटघाट

समय टोलीले श्रमिक मारा सम्झौतालाई झट्ट रद्द गरिनुपर्छ भन्दै आठ बुँदे माग दार्जिलिङ चिया सङ्घ (D.T.A.), समक्ष राखेका छन्। यसका साथै चिया संघले मागहरू माथि यथाशीघ्र सकारात्मक कदम नउठाए बगानमा अझ समस्या खडा हुने प्रबल सम्भावना बडेकोले यथाशीघ्र सकारात्मक कदम उठाउने अनुरोध गरेका छ। यद्यपि सकारात्मक कदम नउठाए साथै बगानमा समस्या खडा भए त्यसको पूर्ण जिम्मेवारी बगान प्रबन्धन अनि चिया एशोसिएसनले लिनु पर्ने चेताउनी समेत प्रतिनिधि टोलीले गरेको छ। ज्ञापन पत्रमा उल्लेख गरिएको आठ बुँदे मागहरू यसप्रकार छ:श्रमिक अनुपस्थितिको रोकथाम गर्न समयमा ज्यालाको भुक्तानी गर्नुपर्ने, मालिक वर्गले समयमा श्रमिकको पिएफ को पैसा जमा गर्नुपर्ने, अवकाश राशि( Gratuity) समयमा पाउनुपर्ने,श्रमिकले पाउने बुनियादी सहुलियत दिनु पर्ने बुनियादी सहुलियत सबै बगानमा एकै नाशको हुनुपर्ने, श्रमिक मारा सम्झौतालाई झट्ट रद्द गरिनुपर्ने,निम्नतम मजदूरी झट्ट लागू गरिनुपर्ने, विगत वर्ष २०२३ - २४ को रहल चार प्रतिशत बोनस चाडै प्रदान गर्नुपर्ने प्रमुख रहेका छन

****** ० ******

## लोहिया

लोहिया कम्पनीको स्वामीत्वमा रहेको चामोङ ग्रुप अफ गार्डन अन्तर्गत नागरी फार्म चियाबारी गत केहि दिनदेखि अचल अवस्थामा छ। बोनसको प्रतिशतलाई लिएर विदाद चुलिएपछि एकाएक अचल बनेको चियाबारी सुचारू गराउने विषय लिएर जिटिए सभा अध्यक्ष तथा नागरी धजे समष्टि सभासद् अञ्जुल चौहान अनि एकाधिक दलका श्रमिक सङ्गठनहरू लागीपरेका छन्। यसै सन्दर्भमा  एउटा आकस्मिक सभा हिजो सम्पन्न गरिएको थियो। उल्लिखित सभाले लिएको निर्णय तथा सङ्गठनहरूले के कस्ता प्रकारले पहल गर्दै आएका छन् भन्नेबारे जानकारी गराउन चियाबारीका श्रमिकवर्गलाई लिएर एउटा गेट मिटिङ आज सम्पन्न गरियो। आईजीजेएफ श्रमिक सङ्गठन,जोइन्ट फोरम आदिका नेतृत्ववृन्दको विशेष उपस्थिति रहेको सभामा  चिया श्रमिकको पक्षबाट पनि सम्बोधन गरिएको थियो। सम्बोधनको क्रममा  विमल प्रधान,योगेन थापा तथा सोनाम तामाङले सङ्गठनको पक्षबाट के कस्ता काम हुँदै आइरहेको छ यसबारे विस्तृत जानकारी गराए।

****** ० ******

## गोर्खा भूतपुर्व सैनिक

गोर्खा सेनामा घट्दोसंख्यालाई लिएर  गोर्खा भूतपूर्व सैनिक कल्याण सङ्गठनले चिन्ता प्रकट गरेको छ भने सेना भर्तीको लागि प्रोत्साहन प्रदान गर्न युवाहरुलाई प्रशिक्षण गराउन जोर दिने अभिभावकहरु समक्ष अपील गरेको छ। यसबीच भुतपूर्व सैनिकहरुलाई लिएर आज १२ महा रेजीमेण्ट मैदान लेबोङमा मेघा रेली आयोजना गरियो। १२३ बिग्रेड अनि कर्णेल भेटरेन्सको सहयोगमा गोर्खाभूतपूर्व सैनिक कल्याण सङ्गठनको तत्तावधानमा सम्पन्न उक्त एक दिवसीय रेलीअवधि स्वास्थ्य जाँच, उपचार सुविधा, पेन्सन समस्यालगायत अन्य सरसुविधा उपलबध गराउनु सँगै  वार भेटरेन्सका परिवारहरुलाई सपोर्ट हिरोको पक्षमा गौरव शुक्लाद्वारा सम्बर्द्धना जनाइएको एसपी प्रधानले बताउनु भएको छ।

****** ० ******

## लोकगायक विरेन राईको निधन

लोक गायक बिरेन राईको ७७ बर्षको उमेरमा आज दार्जिलिङको सरकारी अस्पतालमा निधन भएको छ। लामो समयदेखि मधुमेह रोगले ग्रसित राईको आज दिउँसो १ बजेर ४५ मिनटमा  निधन भएको परिवार सुत्रले जनाएको छ। गायक राई 1988 देखि आकाशवाणी खर्साङसग आबद्ध हुनुहुन्थ्यो भने उहाँ B high लोक गायकको रूपमा आकाशवाणीबाट गीत गाउन हुन्थ्यो। उहाँको कर्ण प्रिय लोक भाकाहरुले श्रोताहरु मन जित्न सफल भएको थियो। यी मध्ये आठानी चारानी, आकासैमा उड्ने बेसारा, छपमा छप आदि प्रमुख रहेका छन भने गायक राईको गित दिल्लीबाट प्रसारित रास्टिय कार्यक्रम नेशनल प्रोग्राम अफ फोक म्युजिकमा समेत प्रशारित भएको थियो।

****** ० ******

## राज्य-सरकार

स्क्रब टाइफस, लेप्टोस्पायरोसिसजस्ता रोगको प्रभावकारी उपचारका लागि राज्य सरकारले विशेष कदम चालेको छ । यसैबीच यी रोगहरूको उपचार र जांचलाई सहज बनाउन स्वास्थ्य विभागले नोडल सेन्टरहरूको संख्या बढाउने निर्णय गरेको छ। हालै कोलकाताको बागबजार क्षेत्रमा एक १२ वर्षीय बालकलाई श्वासप्रश्वासमा समस्या र ज्वरो आएपछि अस्पताल भर्ना गरिएको स्वास्थ्य विभागले जनाएको छ । परीक्षणपछि चिकित्सकले उनलाई लेप्टोस्पायरोसिस भएको पुष्टि गरेका थिए । यसलाई ध्यानमा

राख्दै सरकारले स्क्रब टाइफस र लेप्टोस्पायरोसिसका बिरामीका लागि राज्यभर परीक्षण केन्द्रको संख्या बढाउने निर्णय गरेको छ। हाल डायमन्ड हार्बर मेडिकल कलेजलाई नोडल सेन्टर बनाइएको छ, तर बढ्दो केसलाई ध्यानमा राख्दै कोलकाताको एसएसकेएम अस्पताल, कोलकाता स्कुल अफ ट्रपिकल मेडिसिन र उत्तरबङ्गा मेडिकल कलेज अस्पताललाई पनि नोडल सेन्टर बनाइँदैछ। यी नयाँ केन्द्रको जिम्मेवारी सम्बन्धित अस्पतालका भाइस प्रिन्सिपललाई दिइनेछ।

****** ० ******

**kpg**

पश्चिम बंगाल सरकारद्वारा प्रदान गरिने लाभकारी योजना इ आर जि (ERG ) को लाभार्थीहरुलाई कालेबुङ १ खण्ड विकास कार्यालयद्वारा खण्ड एक मा पर्ने १८ वटा ग्राम पञ्चायतबाट जम्मा १५४ जना लाभार्थीको निम्ति अनुदान प्रदान गरिने प्रक्रिया आरम्भ गरिएको हो। कार्यक्रममा खण्ड विकास अधिकारी समिरुल इस्लाम विशेष रूपले उपस्थित हुनुहुन्थ्यो भने उहाँले सुदुरवर्ती ग्राम पंचायतका भिडियो कन्फ्रेन्सको मार्फत सम्बोधन गर्नुभयो।

****** ० ******

**मिरिक फ्लोरीकल्चर**

तीन दिवसीय पुष्प प्रदर्शनी अनि विक्रीकाे सफलता पूर्वक समापन भएकाे मिरिक फ्लाेरी कल्चर सोसाइटीका अध्यक्ष भीमकुमार राई र सचिव धिरज राईले जानकारी गराएका छन भने यसवर्ष फूल उत्पादकहरूले आफ्नै दक्षतामा पुष्प प्रदर्शनी अनि विक्री गरेको बताका छन। यसका साथै मिरिकका फूल उत्पादकहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले गत वर्ष झैं यस वर्ष पनि पुष्प प्रदर्शनीको आयोजना गरिएको जानकारी गराँउदै यस प्रदर्शनीले स्थानीय फूल उत्पादकहरूलाई आफ्नो उत्पादन प्रदर्शन गर्ने र बिक्री गर्ने अवसर प्रदान गरेको बताए।

****** ० ******

**टी ट्वेन्टी क्रिकेट**

खरसाङ महकुमा खेलकूद संघको आयोजनामा आगामी 22 मार्चदेखि शुरु भईरहेको टी ट्वेन्टी क्रिकेट प्रतियोगिताको खेल तालिका सार्वजनिक गरिएको छ। भिक्टोरिया स्कूलको खेल मैदानमा भईरहेको यस प्रतियोगिताको पहिलो उदघाटन खेल आकाशवाणी खरसाङ र त्रिशुली संघमाझ अनि अर्को खेल खरसाङ खण्ड विकास कार्यालय र खरसाङ महकुमा कार्यालयमाझ सम्पन्न हुने भएको छ भने प्रतियोगितामा 20 वटा टिमहरुले सहभागिता जनाएका छन। आगामी 3 अप्रेलसम्म चल्ने प्रतियोगिताको विजेतालाई ट्रफीसहित नगदराशि 21 हजार र उप विजेतालाई ट्रफीससहित नगदराशि 11 हजार प्रदान गरिनेछ।

****** ० ******

**जीटीए आईडल**

जीटीए क्षेत्रको युवा प्रतिभाहरुलाई मञ्च प्रदान गर्ने उद्देश्यको साथमा जीटीएको विभिन्न समष्टिहरुमा भईरहेको जीटीए आईडलको अडिशन सोनादा पचेङ समष्टिमा पनि सम्पन्न भएको छ। देवकुमार प्रधानको अध्यक्षता सप्पन्न कार्यक्रममा प्रमुख अतिथिको रुपमा वरिष्ठ गायक एंव संगीतकार पेमा लामा उपस्थित रहेका थिए।

****** ० ******